सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

ग्रामीण युवा विकास कार्यक्रम

AWO International

# युवा आवाज

वर्ष २, अङ्क १, पूर्णाङ्क ३ (Year 2, Vol. 1, Issue 3) पौष ०६८ - साउन २०६९ / 2012 YOUTH VOICE

## संस्थागत भनाइ

नेपाल एउटा भूपरिवेष्टित मुलुक हो । यहाँको भौगोलिक बनौट हेर्दा ८०% भन्दा बढी भूभाग पहाड र हिमाली क्षेत्रले ओगटेको छ । एक ठाउँबाट अर्को ठाउँसम्म जान अर्थात् ओहोर दोहोर गर्न समेत निकै कठीन छ । पहाडि र हिमाली क्षेत्रको बसोबास छरिएर रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुको दिनचर्या त्यति सहज छैन । अहिलेको विश्वव्यापीकरणको प्रभाव यस क्षेत्रमा पनि नपरेको होइन । फलस्वरुप युवाहरु विस्तारै, विस्तारै आफ्नो गाउँ छाड्दै शहर हुँदै विदेशीने लहर बढिरहेको छ । यो क्रम नरोकिने हो भने नेपालको कूल भू-भागको ८०% भन्दा बढी भू-भागको अवस्था के हुने हो भन्न सकिने अवस्था छैन ।

यसै अवस्थालाई मध्यनजर राखि, स्थानीय तहमा रहेको स्रोतको पहिचान र उचित परिचालनको माध्यमबाट ग्रामिण क्षेत्रको विकास गर्न सकिन्छ र त्यो विकासको लागि युवा शक्ति अपरिहार्य ठानी आबु इन्टरनेशनल जर्मनीको सहयोगमा विगत ५ वर्षदेखि सहमतिले नवलपरासीका पहाडी क्षेत्रका ४ गाविसमा ग्रामीण युवा विकास कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्थानीय तहमा भएको स्रोतको पहिचान गरी स्रोतको परिचालनमा जोड दिई त्यहि स्रोतलाई सशक्त बनाउन सकियो भने त्यसबाट आएको परिवर्तन दिगो र स्थायी हुन्छ भन्ने मान्यतालाई साकार बनाउने उद्देश्यले संस्थाले पहाडी गाविसमा काम गर्दै आएको छ ।

यस सन्दर्भमा सहमति ग्रामीण युवा विकास कार्यक्रम मार्फत युवा आवाजको तेस्रो अंक यहाँहरु माझ आएको छ । यस युवा आवाज मार्फत जीविकोपार्जनको लागि विदेश जानु पर्दैन, जोश र जाँगर भएमा स्वदेशमै थुप्रै स्वरोजगारका अवसरहरु छन् । यहाँको माटो, ढुङ्गा, वनजंगल, भिरपाखा, जनशक्ति महत्वपूर्ण श्रोत हुन यसको प्रयोग र सदुपयोग गर्न सकियो भने राष्ट्र विकासमा समेत टेवा पुग्न सक्छ भन्ने सन्देश झल्कने खालका लेख, रचना, सफलताका कथा तथा आत्मकथाले झल्काएको छ । यस अंकमा रहेका २१ वटा लेख, रचनाले लाखौं युवाहरुलाई सकारात्मक सन्देश दिनका साथै व्यवसायिकतातर्फ उन्मूख हुन प्रेरणा मिल्नेछ र समग्र राष्ट्र विकासमा युवा जगतको लगाम बढ्ने छ भन्ने हामी पूर्ण विश्वास गर्दछौं ।

रत्नप्रसाद सापकोटा
कार्यवाहक अध्यक्ष तथा
सहमति परिवार

**यस भित्र ........**

- ❑ लेख/बिचार
- ❑ व्यक्तिगत अनुभूतिहरु

सहमति र **AWO International Germany** को साझेदारीमा संचालित ग्रामीण युवा विकास कार्यक्रम सन २००८ को जनवरी देखि नवलपरासी जिल्लाका ४ वटा पहाडी गा.वि.स.हरु क्रमश डाँडाझेरी, कोटथर, रतनपुर र गैंडाकोट गा.वि.सको वार्ड नं ३ मा संचालन भइरहेको छ ।

ग्रामिण युवाहरुको जीविकोपार्जनमा सुधार ल्याउने प्रमुख लक्ष्य लिएको यस कार्यक्रमले उक्त लक्ष्य प्राप्त गर्नका लागि निम्न अनुसारको उद्धेश्यहरु लिएको छ ।

- ❑ स्थानीय स्तरका सामाजिक तथा लघुवित्तीय संस्थाहरुमा युवाहरुको सहभागिता वृद्धि गराई निर्णायक तहमा पहुँच पुर्‍याउने,
- ❑ स्थानिय स्तरमा स्वरोजगारका अवसरहरु सृजना गर्दै युवाहरुको आयस्तर बृद्धि गराउने र
- ❑ युवाहरुको वाध्यात्मक, असूचित तथा मौसमी बसाईसराईलाई कम गर्ने ।

यी माथीका लक्ष्य तथा उद्द्ेश्यहरु प्राप्त गर्नका लागि कार्यक्रमले मुलभुत रुपमा तिनवटा कार्यगत क्षेत्रहरु संस्थागत विकास, आयआर्जन र युवा विकास तथा पैरवी मार्फत विभिन्न किसिमका क्रियाकलापहरु संचालन गरिरहेको छ । कार्यक्रमले स्थानीय सामुदायिक तथा लघुवित्तिय संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि तालिम तथा क्षमता अभिवृद्धि सहयोगहरु प्रदान गरिरहेको छ । त्यसै गरी स्थानीय स्तरमा स्वरोजगारका अवसरहरु सृजना गर्दे आम्दानी वृद्धि गर्नका लागि विभिन्न किसिमका आयआर्जनसँग सम्बन्धित तालिम तथा सहयोगहरु प्रदान गरिरहेको छ । यसका साथै युवाहरुले भोगिरहेको वाध्यात्मक, असूचित तथा मौसमी वसाईसराईलाई कम गर्नका लागि प्रत्येक गा.वि.स.मा युवा सूचना केन्द्र मार्फत विभिन्न किसिमका सुरक्षित वैदेशिक रोजगार सम्बन्धि अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिएको छ भने युवा सूचना केन्द्रमा भएका पत्रपत्रिका तथा विभिन्न किसिमका पुस्तकहरुको माध्यमवाट युवा तथा समुदायले विभिन्न जानकारी तथा ज्ञान लिइरहेका छन् ।

युवाहरुको व्यक्तिगत तथा संस्थागत क्षमता विकास मार्फत समग्र समाजको आर्थिक, सामाजिक तथा राजनैतिक परिवर्तन सम्भव भएकाले स्थानीयस्तरमा क्रियाशील युवा क्लवहरुलाई उनीहरुकै अगुवाईमा सामाजिक विकास तथा परिवर्तनका लागि विभिन्न किसिमका क्रियाकलापहरु संचालन गर्न प्राविधिक तथा आर्थिक सहयोग गरिएको छ । स्थानीय रुपमा क्रियाशिल युवाक्लवहरु विधिवत रुपमा गैरसरकारी संस्थाहरुमा परिणत हुँदै युवाहरुमाझ प्रत्यक्ष रुपमा अर्न्तक्रियात्मक तथा सुचनामुलक कार्यक्रमहरु संचालन गरिरहेका छन् । समुदायले आवश्यकतावोध गरिएका तथा जनजीवनसँग सम्बन्धित क्रियाकलापहरु स्थानीय संस्था स्वयंले एवं अन्य संस्थाहरुसँग साझेदारीमा संचालन गरिरहेका छन् । शैक्षिक, साँस्कृतिक तथा स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु मार्फत स्थानिय संस्थाहरुले राम्रो छवी बनाउन सफल भईरहेको देखिन्छन् । यसर्थ यसरी युवाहरु संस्थागत रुपमा अगाडी बढ्दै गएमा उनीहरुको नेतृत्व क्षमता समेत विकास हुनेछ भने स्थानीय रुपमा क्रियाशिल गैरसरकारी संस्थाहरु दिगोपनातर्फ अग्रसर भई समग्र समुदायको विकास नै स्थानीय संस्था मार्फत अगाडी बढाउन सकिन्छ ।

यसै गरी युवाहरु स्थानिय संस्थाको माध्यमवाट विभिन्न किसिमका संस्थागत तथा युवा विकासका कार्यक्रमहरु समुदायमा संचालन गर्दे गइरहेमा पक्कै पनि संस्थाहरु स्वावलम्बी बन्न सक्नेछन । हामी युवाहरु आफ्नै क्षमता विकास मार्फत समुदायमा रमाउन सिक्यौ भने आगामी दिनहरुमा युवा पुस्ताहरुले पनि हाम्रै वाटो अनुशरण गर्नेछन यसर्थ युवा आवाज पत्रिका यस्तो प्रकाशन हो जसमा प्रकाशित बिचार, रचना र अनुभुतिहरु आफ्नै मेहनतमा रमाएका युवाहरुका हातवाट कोरिएका हुन् जसले सहमतिको कार्यक्षेत्रका युवाहरुलाई मात्र नभएर समग्र युवाहरुलाई एउटा उदाहरणीय सिकाई र प्रेरणा बन्नेछ र युवा विकास मार्फत समुन्नत समाजको निर्माण गर्न सकिन्छ भन्ने सोच लिईएको छ ।

सम्पादक/प्रकाशक :
सहमति, ग्रामीण युवा विकास कार्यक्रम

प्रकाशन सहयोगी
AWO International

# म र मेरो गाउँमा आएको परिवर्तन

✍ कृष्णबहादुर सूर्यवंशी
कोटथर-१, साठीमुरे



म कृष्णबहादुर सूर्यवंशी, मेरो घर नवलपरासी जिल्लाको पहाडी गा.वि.स. कोटथर वडा नं. १ साठीमुरेमा पर्छ । मेरो व्यक्तिगत जीवनमा भएका केही परिवर्तनका कुराहरु म यहाँ उल्लेख गर्दछु । पहिला म एउटा केही नबुझ्ने व्यक्ति थिएँ । मलाई आफ्नो गाउँको दाजुभाइसँग बोल्न पनि डर लाग्थ्यो । कसरी समाजसँग घुलमिल हुने अनि गाउँ समाजको विकासमा कसरी अघि बढ्न सकिन्छ भन्ने ज्ञान म मा थिएन । जब सहमति ग्रामीण युवा विकास कार्यक्रमबाट विभिन्न किसिमको तालिम, गोष्ठी र भ्रमण को अवसर प्राप्त भयो र त्यसमा म पनि सहभागी भएँ, त्यसपछि मलाई जुनसुकै काममा पनि आफ्ना कुरा राख्न सक्छु भन्ने दृढविश्वास जाग्यो । केही थोरै मेरो गाँउको पनि कुरा गरौ, साँच्चीकै ग्रामीण युवा विकास कार्यक्रमबाट साठीमुरे गाउँमा परिवर्तन गर्न राम्रो सहयोग भएको छ, मेरो गाउँ सबै  मगर समुदाय, यो समाजमा पहिला बंगुर छाडा छाडिन्थ्यो, मानिसले खुल्ला रुपमा दिशा गर्ने गर्थे । गाउँ धेरै फोहोर थियो जब ग्रामीण युवा विकास कार्यक्रमले हाम्रो गाँउमा जनचेतनामूलक एवं संस्थागत विकास सम्बन्धी कार्यक्रम शुरु गर्‍यो, त्यसपछि सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोग र जीवनज्योती युवा क्लबको अगुवाईमा साठीमुरे गाउँका सबै घरधुरीमा व्यवस्थित चर्पी निर्माण र सुधारिएको बंगुरको खोर व्यवस्थित बनाइयो । अहिले साठीमुरे गाउँ साँच्चीकै परिवर्तन भएको छ र यस गाउँको युवाहरूमा पनि धेरै परिवर्तन आएको छ । यहाँका युवाहरुले पहिला मदिरा सेवन गर्ने, अनावश्यक रुपमा गाँउमा केटीहरु जम्मा गरि चुट्का नचाँउने आदि जस्ता क्रियाकलापहरुमा संलग्न हुने गर्दथे भने अहिले ग्रामीण युवा विकास कार्यक्रमले विभिन्न किसिमको गोष्ठी भ्रमण तालिम अवसर दिएको हुँदा यहाँको युवाहरूमा पनि विकासप्रति धेरै सचेतना आएको छ । यसै अनुरुप अहिले जीवनज्योति युवा क्लबको सक्रियतामा सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगमा कोटथर गा.वि.स.को वार्ड नं. २ कोटथरका २० घरधुरीमा शौचालय निर्माण गर्ने कार्य गरिसकेको छ । युवाहरुमा विकास भनेको पहिला आफूबाट सुरु गर्नुपर्छ भन्ने कुराको अवगत भएको छ । सहमति ग्रामीण युवा विकास कार्यक्रमले युवाहरूलाई भ्रमण गोष्ठी तालिममा सहभागिता गराएर साठीमुरे गाँउका युवाहरूको लागि गरेको कार्यलाई एउटा महान कार्यको रूपमा लिन सकिन्छ । सहमति संस्था र जीवनज्योतिको साझेदारीमा भोलिका दिनहरूमा युवा र समाजको लागि सकारात्मक परिवर्तन गर्ने खालका कार्यक्रमहरु संचालन गर्न हामी युवाहरु काँधमा काँध मिलाएर अगाडी बढ्ने कुरा पनि अवगत गराउछु र सहमति संस्थाले आगामी दिनहरूमा पनि नयाँ किसिमका कार्यक्रम सञ्चालन गर्दै जाओस् भन्ने अपेक्षा राख्दछु ।

# रतनपुर ठाउँ सानो गाउँ

✍ ओमबहादुर माकिम
रतनपुर-७, रतनपुर



नवलपरासी जिल्लामा अवस्थित रतनपुर गा.वि.स. महेन्द्र राजमार्गबाट करिब १७ किलोमिटर उत्तरतर्फ रहेको विकट गा.वि.स. हो । यस गा.वि.स. भौतिक, सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य, खानेपानी लगायत मानवीय विकासमा पछाडि रहेको छ । झनै यस गा.वि.स.को वडा नं. ७ रतनपुरमा सरसर्ती हेर्दाखेरी अरु वडामा विद्यालय भएको र यस वडामा कुनै पनि औपचारिक र अनौपचारिक विद्यालय थिएनन् । यहाँका मानिसहरू पुरानो रीतिथिति र परम्परागत संस्कारमा नै थिए । छोराछोरीहरूलाई स्कूल पढाउनु पर्छ भन्ने सोच र चेतनाको विकास भएको थिएन । स्कुल के हो ? भन्ने कुरा नै थाहा थिएन । कुनै नौलो मान्छे देख्नसाथ भाग्ने, लुक्ने र केही पनि बोल्न नसक्ने अवस्थामा रहेका यस समुदायका बालबालिकाहरू शिक्षाको उज्यालो घामबाट बञ्चित भएका थिए । तर २०६५ सालमा जव सहमति ग्रामीण युवा विकास कार्यक्रमले वैकल्पिक रूपमा बाल कक्षा स्थापना गरेपछि सबै गाउँबासीहरू एकजुट भएर स्कुल दर्ता गर्नु पर्छ भन्ने सोचको विकास भयो र त्यस लगत्तै ४ वर्षपछि २०६८ साल असारको ३० गते कक्षा सञ्चालनको लागि जिल्ला शिक्षा कार्यालय नवलपरासीबाट अनुमति ल्याउन सफल भयौ र हाल नियमित रूपमा कक्षा ३ सम्म सञ्चालन भइरहेको छ । त्यस्तैगरी यस क्षेत्रमा परम्परागत रूपमा मकै, धान, कोदो लगायत खेतीपाती गर्दै आएका थियौ, आय आर्जनमा वृद्धि हुन सकेको थिएन र यस कार्यक्रमले कृषि सम्बन्धी तालिम तथा सहयोग प्रदान गरे पश्चात यहाँका समुदायहरूले थोरै क्षेत्रफलमा व्यवसायिक रूपमा काउली, बन्दा, टमाटर, खुर्सानी आदि लगाई वार्षिक ५०-६० हजारसम्म कमाउन सफल भइरहेका छौं । संस्थाबाट समय-समयमा आएर सल्लाह सुझाव दिइरहँदा यहाँका बासिन्दाहरूलाई अगाडि बढ्न प्रेरणा मिलेको छ । त्यस्तै सामुदायिक वन र सिंचाई लगायत विभिन्न कार्यक्षेत्रमा संस्थाले पुऱ्याएको सहयोग र योगदानप्रति हामी समुदायहरू आभारी छौ । समुदाय विकास भए समाज र समाज विकास भए गाउँ र गाउँ परिवर्तन भए देशको समग्र विकास हुन्छ भन्ने युक्तिका साथ आगामी दिनहरूमा पनि यस्तो कार्यक्रम र सहयोग पाउने छौ भन्ने विश्वास राख्दै समग्रमा रतनपुर वडावासीको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट पनि सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई मुरीमुरी धन्यवाद ।



सामाजिक लेखा परीक्षण कार्यक्रममा आफ्नो गाविसमा कार्यक्रमद्वारा गरिएको क्रियाकलापहरुको खर्च विवरण अवलोकन गर्दै कार्यक्षेत्रका युवा ।

# मिनाको सन्तुष्टी

✍ मिना गुरुङ
गैंडाकोट-३, ढोडेनी

मेरो नाम मिना गुरुङ हो । म नवलपरासीको गैंडाकोट गा.वि.स. वडानं. ३ ढोडेनीमा बसोबास गर्दै आएकी छु । मेरो घरमा ७ जना सदस्य छन् । मेरो व्यक्तिगत कुरा भन्नु पर्दा म महिला केही नबुझ्ने सामान्य महिला थिएँ । म आफूलाई कसरी अगाडि बढ्ने कसरी आफ्नो खुट्टामा आफै उभिने भन्ने धारणा थिएन, दिनचर्या घाँस दाउरामा बितिरहन्थ्यो । यसो गरिरहँदा मलाई यत्तिकै घाँसदाउरामा मात्र जीवन कटायो भने त अर्थ हुँदैन भन्ने ठानी सिलाई कटाई तालिम सिक्ने विचार गरे र गाउँमै एउटा टेलरमा ६ महिने सिलाई कटाई तालिम सिकें । गाँउमा ६ महिना मात्र सिकेर मैले टेलर खोलेर बस्न सकिन र घरमै अलि-अलि कपडाहरू सिलाउँदै बस्दै थिएँ जसबाट मलाई केही उपलब्धि भएन । यसपछि सीप सिके व्यवसाय गर्न सकिन के गर्ने के नगर्ने भन्ने दोधारमा अल्झिइरहेकी थिए, जब सहमति संस्थाबाट सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम मार्फत ब्युटिसियन तालिम सिक्ने अवसर पाए।



त्यसपछि कार्यक्रमको सहयोगमा ६ महिने ब्युटिसियन तालिम लिन सफल भए । तालिम सकिए पश्चात मनमा केही आँट आयो कि म अब घरमा हैन घर भन्दा वाहिर निस्केर व्यवसाय गर्दछु भन्ने विचार गरि २०६८ माघ १ गतेबाट आफैले आफ्नै गाउँ ढोडेनी चोक बजारमा ब्युटीपार्लर पसल खोलेर बस्न सफल भएकी छु । यसमा मेरो घर परिवारले धेरै साथ दिएको छ र अहिले यही व्यवसायवाट घर खर्च चलाउन सहयोग भएको छ । छोरीलाई पढाउन, वोडिङ्गको फिस तिर्न सजिलो भएको छ ।घर संचालनमा त्यति असजिलो भएको छैन । अहिले दिनहुँ रु ५०० भन्दा बढीको नै व्यापार भैरहन्छ । मलाई आफूले रोजेको व्यवसायवाट एकदम सन्तुष्टी प्राप्त भएको छ । यो बाहेक अरु पेशा व्यवसाय सोचेको पनि छैन बरु यसलाई आजै अरु उन्नत कोर्षहरू सिकेर यही व्यवसायलाई नै दिगो बनाउन अठोट लिएकी छु । मलाई सीप सिकेर यहाँसम्म आउन सफल गराउने विशेष गरेर सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई धेरैभन्दा धेरै धन्यवाद दिन चाहन्छु । यसरी नै हाम्रो जस्तो दुर्गम गाँउमा रहेका अन्य धेरै बेरोजगार युवा साथीहरुलाई सीपमूलक तालिम दिई रोजगारमूलक बनाई आर्थिक उन्नति बढाउने काम गरिरहन आग्रह पनि गर्दछु ।

अन्तमा, मलाई सहयोग गर्ने सहमति संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनहरूमा सहयोगको अपेक्षा राख्दै सहमति ग्रामीण युवा विकास कार्यक्रमप्रति आभार व्यक्त गर्न चाहन्छु ।

# अर्खला गाउँ र बाखापालन व्यवसाय

✍ लालबहादुर डिस्वा मगर
स्थानीय स्रोत व्यक्ति, कोटथर-३, अर्खला



मेरो नाम लाल बहादुर डिस्वा हो, म कोटथर गा.वि.स.३ अर्खला भन्ने गाँउमा वसोवास गर्दै आइरहेको छु । मेरो लगायत यस गाँउका सबै घरधुरीको आयस्रोत भनेको परम्परागत रुपमा गरिएको वाखापालन र कृषि पेशा नै हो । यसै क्रममा कोटथर गा.वि.स.मा सञ्चालित रही रहेको सहमति ग्रामीण युवा विकास कार्यक्रमले सहयोग गरी दिएका विभिन्न तालिम, भ्रमण, गोष्ठीहरूले गर्दा मलाई नयाँ विकासको गोरेटोमा पुऱ्याइदिनु भयो । म लगायत गाँउका सबैले २०६५ सालमा आफ्नै गाँउमा बाखा पालनको तालिम लियौं र नश्ल सुधारको लागि उन्नत जातको व्याडे बोका पनि सहयोग पायौ । २०६६ मा तनहुँ बन्दीपुरमा बाखापालन भ्रमणको अवसर पाएँ । यसै क्रममा हामी सवैले गाँउमानै तालिम प्राप्त व्यक्ति भएमा हामीहरुको बाखापालन व्यवसाय राम्रोसँग अगाडि बढाउन सहयोग मिल्ने देखेर २०६७ सालमा मैले सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगबाट ३५ दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको तालिम पनि लिए । २०६५ सालभन्दा पहिला मैले लगायत सबैले परम्परागत रुपमा बाखा पालिरहेको थियौ र पहिला मेरो कुरा गर्नुपर्दा १०/१५ वटाभन्दा बढी कहिले पनि नहुने, आफ्नै खोरको बोका नै प्रयोग हुन्थ्यो, पाठापाठीहरू लुलो लंगडो, ख्याउटे हुँदै मर्थ्यो तथा कुनै पनि रोगको उपचार नगर्ने यस्तै गर्दै पालिरहेको थिए तर अहिले भने मैले अलि फरक तरिकाले बाखाहरु पालिरहेको छु । अहिले मेरो बाखाहरू ५५ वटा छन् । समय समयमा उपचार गर्दछु पाठीहरूको उमेर अवस्था हेरी बोका लगाउँछु र हाड नाता पनि पार्ने गर्दिन भने पहिला जस्तो ठूलो भएपछि खसी पार्ने क्रम नभई सानै उमेरमा खसी पार्ने गर्दछु । व्यवसाय राम्रोसँग अगाडि बढिरहेको छ वार्षिक रुपमा ५०/६० हजार रकम कमाई हुने नै गर्दछ । यसर्थ मैले जस्तै गाँउका अन्यले पनि यस्तै तरिकाले वाखापालन गरिरहेका छौं । बाखापालनको लागि पोसिलो घाँसको आवश्यकता महसुस गरी विभिन्न किसिमका डाले घाँसका विरुवाहरु लगाइरहेका छौं । यत्तिकै बस्दा रहदा संगठित नहुने भएकाले सवै घरधुरी मिलेर अर्खला बाखापालन समूह गठन गरी जिल्ला पशु सेवा कार्यालयमा समूह दर्ता गरी सोही अनुसार अगाडि बढिरहेका छौं । यसर्थ गरे नहुने के रैछ र भन्ने उखान चरितार्थ भएको छ अहिले यहाँ । यसकारण हाम्रो अर्खला गाँउमा वाखापालन पद्धतीमा आएको परिवर्तन अन्यत्र गाउँमा पनि आओस, सबैले आम्दानी वृद्धि गर्ने अवसरहरु खोजी गरौ भन्दै सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई धन्यवाद दिन चाहान्छु ।

## सामाजिक तथा आर्थिक विकासमा सहयोगी

✍ भीमबहादुर सुनामी मगर
डाँडाझेरी-८, छरछरे



नवलपरासी जिल्लाको सबैभन्दा अति दुर्गम क्षेत्र भनेर डाँडाझेरी गा.वि.स. लाई चिनिन्छ । यस गा.वि.स.को वडा नं. ८ छरछरे गाँउ चारैतिर डाँडाले घेरिएको र वडाचुली डाँडाको काखामा पर्दछ । यो छरछरे गाउँको नाम छहरे छाँगा भएकाले छरछरे नामाकरण राखिएको हो । गाउँमा मगर जातिको मात्र बसोबास रहेको छ । गाउँमा भएको स्कुलमा पाँच कक्षा मात्र पढाइ हुन्छ । त्यसपछि ६ कक्षादेखि माथीको पढाईका लागि बुलिङटार वा गा.वि.स.कै अन्य भागमा जानु पर्छ जसको लागि ३ घण्टा समय पैदल हिड्.नु पर्दछ । त्यसकारणले यहाँका विद्यार्थी पढ्नका लागि वातावरण नमिलेकोले पढ्नको लागि असुविधा भएको छ । हाल सहमति, ग्रामीण युवा विकास कार्यक्रमले विभिन्न गोष्ठी तालिम तथा युवा सूचना केन्द्र स्थापना गराई वैदेशिक रोजगारमा आइपर्ने कुराहरू सचेत गराई दिएको छ । यस डाँडाझेरी गाँउमा कामना बचत तथा ऋण सहकारी संस्था लि.ले हाल डाँडाझेरीबासीलाई बचत गरि भविष्यको लागि आफ्नो जीवन सुमधुर वनाउ भन्ने नारा गुन्जाइरहेको छ । हाल यस छरछरे गाउँका पनि सहकारीमा ६० शेयर सदस्यहरू भएका छन । सदस्यहरुले शेयर रकम थप गर्दै गएका छन । सहमति ग्रामीण युवा विकास कार्यक्रमले यस छरछरेमा सामुदायिक मिल निर्माणमा सहयोग र कबुलियती वनमा दालचिनी विरुवा रोप्नको लागि विरुवा खरिदका लागि निरन्तर सहयोग गर्नु भएको छ यसका साथै सुन्तला विरुवा खरिद गरी निरन्तर रुपमा विरुवा सहयोग गराई दिनु भएको छ । सुन्तला बेमौसम समयमा बिक्री गरी धेरै मूल्य पारी यस समुदायलाई बढी आम्दानी गर्नका लागि छरछरे सामुदायिक सित भण्डार निर्माणका लागि सहयोग भएको छ र विभिन्न तालिम गोष्ठीहरू दिएर आइपर्ने कुराहरूलाई सचेत गराई दिई सहयोग गर्नु भएकोमा सहमति संस्था ग्रामीण युवा विकास कार्यक्रमलाई हामी डाँडाझेरी बासिन्दाहरूबाट र मेरो तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहान्छु ।

## मेरो जीवन र सिलाईकटाई व्यवसाय

✍ लालु चितौरे
रतनपुर- १ दमार



म रतनपुर गा.वि.स. १ दमार मा बावु चमानसिंह चितौरे र आमा सर्वमती चितौरेकी छोरी लालु चितौरे । सर्वप्रथम त म ग्रामीण युवा विकास कार्यक्रम सहमति संस्थालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

मेरो स्थितिको कुरा गर्नुपर्दा म पहिले बेरोजगार अवस्थामा थिएँ । एस.एल.सी. बिग्रेर घरैमा बेरोजगार भई बसिरहेको अवस्थामा सामान्य कपडा सिलाई गर्ने गर्थे । पहिला मलाई सिलाई तालिम गरेर पनि के नै गर्न सकिन्छ जस्तो लाग्थ्यो र त्यत्तिकै घरायसी काम धन्दामा आफ्नो जीवन व्यतित गरिरहेको थिए । पछि यत्तिकै बसेर त हुँदैन भन्ने ठानी सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगमा तीन महिना सिलाई कटाई तालिम गरेर मैले आफ्नो जीवनस्तर अगाडि बढाइरहेको छु । मेरो विचारमा नयाँ बेरोजगार दिदीबहिनीहरूलाई पनि सिलाई कटाई तालिम राम्रो छ । त्यो व्यवसायले आफ्नो जीवनस्तर बढाउन सहयोग गर्दछ र यो तालिम नै सिकी मैले जस्तो आयस्तर बढाउन आग्रह गर्दछु । मैले व्यवसाय शुरु गरेको वर्ष दिन पनि पुगेको छैन तर मेरो व्यवसायवाट हाल महिनामा रु ७००० आम्दानी गर्ने गरेकी छु । यस व्यवसायबाट म आफू र परिवारको लागि राम्रो सहयोग मिलेको छ । पहिला अरुको भरमा बाँच्नु पर्ने अवस्था थियो भने अहिले मैले अरुको अगाडि हात फैलाउनु परेको छैन ।

सीपको माध्यमवाट व्यवसाय गरी आफ्नो जीवनस्तर बढाउन धेरै मद्दत पुग्दछ यसर्थ मैले सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगबाट तीन महिना सिलाई कटाई तालिम प्राप्त गरेर नै व्यवसाय शुरु गर्दा नै सफलता पाउन सकेकोमा अरु बेरोजगार दिदीबहिनीलाई पनि केही न केही सीपमुलक तालिम सिक्नको लागि प्रेरित गर्न चाहन्छु साथै आगामी दिनमा यस कार्यक्रमबाट सिलाई कटाई सम्बन्धी एड्भान्स कोर्ष म जस्ता गाँउका अन्य युवतीलाई मौका मिलोस भन्न चाहन्छु ।

## अंग्रेजी भाषाप्रतिको मोह

✍ जौमाया सिजाली
कोटथर-५, थामवेसी

म श्री छत्तीसा मा.वि. थामवेसीको कक्षा ७ मा अध्ययन गर्ने छात्रा जौमाया सिजाली हुँ । मैले पहिला आँखा नदेखेको जस्तैकेही पनि जान्दैन थिए । तर अहिले मलाई यस युवा सूचना केन्द्रले धेरै मद्दत गरेको छ । मलाई अंग्रेजी भाषा अन्तराष्ट्रिय भाषा भएकै कारणले यसप्रति विशेष मोह छ । मैले सानैदेखि अंग्रेजी स्कुलमा पढ्ने अवसर नपाए पनि साधारण सरकारी विद्यालयमा पढ्दैछु । मलाई पहिला-पहिला पढ्न धेरै कठीन हुन्थ्यो । तर अहिले युवा सूचना केन्द्रमा पढेर धेरै प्रगति भएको छ । अंग्रेजी मात्रै होइन विज्ञान, गणित पनि पढेको हुनाले परीक्षामा पनि राम्रो अङ्क ल्याएको छु । अझै पनि अंग्रेजी राम्रोसँग सिकि सकिएको छैन । यसर्थ, अंग्रेजी भाषा अन्त पढ्नु परे कति खर्च हुन्थ्यो होला तर हामीलाई युवा सूचना केन्द्रबाट थोरै रकममा पढ्न पाएको हुनाले धेरै खुसी लागको छ । म पनि अझै यस अंग्रेजी भाषालाई



तिखार्ने अभिप्रायले प्रयासरत छु । राष्ट्रिय, अन्तराष्ट्रियदेखि हरेक ठाउँ क्षेत्रमा यसै भाषाको बढ्ता प्रचलन हुनाले अंग्रेजी भाषामा सबैको दखल हुनु आवश्यक छ, यसो भएमा मात्र हरेक क्षेत्रमा अगाडि बढ्न सकिन्छ । आजको समयमा पनि ग्रामीण क्षेत्रमा अंग्रेजी भाषाको अवस्था ज्यादै दयनीय छ । ग्रामीण क्षेत्रमा मात्रै होइन अरु ठाउँमा पनि अशिक्षितहरू प्रशस्त हुन्छन् तर हाम्रो गाउँघरमा शिक्षितभन्दा अशिक्षितहरू नै धेरै छन् । शहर बजारमा भने बोर्डिङ स्कुलमा पढेर होला अंग्रेजी भाषा बोलेर हिँडेको देखिन्छ । तर गाउँघरको स्कुलमा एक महिनामा २ दिन पनि पढ्न हिँड्न आमाबाबाले दिनु हुन्न । यस युवा सूचना केन्द्रबाट अंग्रेजी भाषा कक्षामा पढ्न थालेपछि अभिभावकको

*(बाँकी ९ पेजमा)*

# अंग्रेजी भाषा कक्षा र यसको प्रभाव

✍ लोकप्रसाद रामदाम
कोटथर-५, थामवेंसी



म लोकप्रसाद रामदाम श्री छत्तीसा देवी माध्यमिक विद्यालयको शिक्षक हुँ । नवलपरासी जिल्लाको पहाडी भेग कोटथर गा.वि.स. वडा नं. ५ थामवेसी मेरो स्थायी घर हो । म सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगबाट सञ्चालित युवा सूचना केन्द्र (YIC) को अध्यक्ष पनि हुँ र कार्यक्रमको सहयोगमा विगत ३ महिनादेखि अंग्रेजी भाषा कक्षा निरन्तर सञ्चालन हुँदै आइरहेको छ । मैले आफ्नो गाउँका विद्यार्थी भाईवहिनीहरुहरूको शैक्षिक स्तर उकास्नका निम्ति म आफै स्वयम्ले अध्यापन गर्दै आइरहेको छु ।

यस कोटथर गा.वि.स. ग्रामीण भेगमा रहेको र शिक्षामा नाजुक रहेको कुरा सबैलाई अवगत नै छ । त्यसैलाई मध्यनजर राख्दै ग्रामीण युवा विकास कार्यक्रमले अंग्रेजी भाषा कक्षा सञ्चालन गर्न सहयोग गरेकोमा धन्यवाद टक्र्याउँदछु । यहाँका अभिभावकहरूले आफ्ना बालबालिकालाई शिक्षामा भन्दा बढी कामप्रति लगाउने हुनाले यहाँको शैक्षिक अवस्था नाजुक छ । यस अंग्रेजी भाषा कक्षा सञ्चालन भएपछि टाढा-टाढाबाट पनि विद्यार्थीहरु भाषा कक्षामा पढ्नका लागि जागरुक भएर विद्यार्थी उपस्थित भइरहेका छन् । अहिले विद्यार्थीहरू सामान्य रुपमा अंग्रेजी भाषा बोल्ने र लेख्न सक्ने भएका छन् र उनीहरू अहिले अंग्रेजीमा राम्रो अंक ल्याई पास हुन पनि सफल भएका छन् । मैले अंग्रेजी भाषालाई मध्यनजर दिँदै राम्रो अङ्क ल्याई सफल हुनका लागि गणित, विज्ञान र अन्य बाह्य ज्ञानहरू दिई विद्यार्थीहरूको ज्ञान, सीपमा अभिवृद्धिमा जोड दिएको छु । अझ यस गा.वि.स.का लागि सरकारी तवरबाट पनि शिक्षामा वा हरेक क्षेत्रमा पनि पहुँच मिलोस् भन्ने म अपेक्षा गर्न चाहन्छु र मेरो अध्यापन कालमा विद्यार्थीहरूलाई शिक्षा स्तर उकास्नका निम्ति अझ राम्रो शैक्षिक सामग्रीहरूको उपलब्धता भए राम्रो हुने थियो जस्तो मलाई लाग्दछ र बेला-बेलामा अभिभावक आई निरीक्षण गरी मलाई सुझावहरू दिएमा अझ म खुसी हुने थिए तथा विद्यार्थीहरूलाई भाषा कक्षा अन्तिम हुने समयमा राम्रो परीक्षा लिएर पुरस्कारको व्यवस्था गर्न पाए राम्रो हुने थियो जस्तो मलाई लाग्दछ ।

"उद्देश्य के लिनु उडी छुनु चन्द्रमा एक" भने जस्तो अंग्रेजी भाषा कक्षामा अध्ययनरत सम्पूर्ण भाइबहिनीहरूमा आफ्नो लक्ष्यप्रति सदैव निरन्तर लागिरहनु भनी सुझाव दिन चाहन्छु । "जित हार नाफा हानी, सुख-दु:ख बराबरी, सम्झी गर्नु सधैं कर्म, सफल बन्छौ यसै गरी" अन्तमा सहयोग गर्नु हुने सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई धन्यवाद टक्र्याउन चाहन्छु ।

# बाटो देखाई दिएकोमा धन्यवाद

✍ जगतबहादुर खण्डलुक मगर
डाँडाझेरी-२, कोटडाँडा



मिति २०४६।०७।०६ गतेका दिन बुवा चन्द्रबहादुर खण्डलुक मगर र आमा नैनासरा खण्डलुक मगरको कोखबाट डाँडाझेरी गा.वि.स. वडा नं. २ कोटडाँडा स्थित सामान्य परिवारमा जन्म भएको म जगतबहादुर खण्डलुक मगर २०६४ सालमा एस.एल.सी. पास गरी उच्च शिक्षा अध्ययनका लागि काठमाण्डौ प्रवेश गरे र काठमाण्डौको सरस्वती बहुमुखी क्याम्पसमा आइ.कम.मा भर्ना भए । पछि विस्तारै घरको आर्थिक अवस्था कमजोर भएको कारणले पढाईका अलवा विहान वेलुकाको समयमा काम गरेर केही पैसा आम्दानी गर्न सफल भए पढाइलाई सहयोग मिल्ने ठानी रोजगारीको सिलसिलामा विभिन्न होटल तथा रेष्टुरेन्टमा काम गर्न थाले तर कहिल्यै पनि मेरो आर्थिक स्थिति सुध्रिएन ।

आई.कम.पढाई सकेपछि गाँउमा नै फर्किए, त्यसै क्रममा भित्रभित्रै छट्पटिदै थिए के गर्ने, के नगर्ने, गर्ने समय भनेको यही नै हो यो समयमा केही पनि गर्न सकिएन भने त झन पछाडी के गर्न सकिएला भन्दै । कहिले त लाग्थ्यो गाँउका धेरै जसो साथीहरु विदेश गएका छन म पनि जान्छु अनि लाग्थ्यो विदेश गएर के गर्ने हातमा सीप छैन, कुनै काम जानेको छैन फेरि दलालीले ठगेका धेरै उदाहरणहरु पनि नसुनिएको हैन यस्तै दोधारमा मेरो जिन्दगीका पाइलाहरु कटाइरहेको थिए । यसै क्रममा मेरो सम्पर्क ग्रामीण भेगमा युवाहरुलाई संगठित गर्दै जिविकोपार्जनमा सहयोग गर्दै आईरहेको सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमसँग हुन पुग्यो । यस पश्चात कार्यक्रमको सहयोगमा ३५ दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको तालिम लिए । शुरुमा त लाग्थ्यो ३५ दिने तालिमले के नै उपलब्धि होला जस्तो तर तालिममा सहभागी भएपछि बल्ल थाहा भयो कि समयलाई सदुपयोग गर्न सकेमा ३५ दिनमा पनि धेरै कुराहरू सिक्न सकिदो रहेछ । तालिम पश्चात हाल म गाउँमै बसेर गाँउमा रहेका पशुपंक्षीहरुको उपचार गरिरहेको छु जसबाट म मासिक रु. ५०००।- देखि १०,०००।- सम्म कमाउन सक्ने भएको छु ।

यसै गरी सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमले सबैलाई सहयोग गरी आजको युवालाई विदेशतिर होइन स्वदेशकै गाउँघरतिर परिचालन गर्नका लागि सहयोग गरी मेरो जस्तै बाटो खुलाई दिनु हुन अनुरोध गर्दछु । यसका साथै हाल म यसै सहमति संस्था र युवा सूचना केन्द्र डाँडाझेरीद्वारा सञ्चालित सुरक्षित बसाईसराइको प्रशिक्षक भई आफ्नो गाँउमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि अभिमुखीकरण कार्यक्रमहरु संचालन गर्दै आइरहेको छु । यसबाट मैले आफूलाई समाजको अगाडि चिनाउन सफल भएकोमा अत्यन्तै खुशी छु । त्यसैले सहमति संस्थाले मलाई बाटो खोलिदिएकोमा भित्री हृदयदेखि नै धन्यवाद दिन चाहन्छु र सहमति संस्थाले गर्दा म जस्तो आजका कैयौं युवाहरू उज्यालोमा बाँच्न पाइरहेको छ । यस्तै गरी सहमति संस्थाले आजका युवाहरूलाई नयाँ हात र नयाँ जीवन प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

# देश परिस्थिति र आजका युवा

✍ बद्रीप्रसाद रिमाल
व्यवस्थापक, मेलमिलाप साकोस, गैंडाकोट-३, ढोडेनी

युवा भन्नाले त्यस्तो व्यक्ति हो जो सामाजिक विकृति र विसंगति एवं कु-संस्कृतिसँग सम्झौता गर्दैन, समाज परिवर्तन र अग्रगमनका लागि एउटा दरिलो आत्मविश्वास, विसंगतिसँग लड्न सक्ने आँट र साहस भएको अनि समाज विकासको लागि आफ्नो शारीरिक, मानसिक श्रमद्वारा सकारात्मक परिणाम निर्माण गर्ने एउटा शक्ति हो ।

अब म ग्रामीण युवा विकास कार्यक्रम र युवाको सवाल, पहिचान र समाधानका केही कुरा अवगत गराउँदछु । म यस ग्रामीण युवा विकास कार्यक्रमको कार्यक्रम व्यवस्थापन समिति सदस्य पनि हुँ । कार्यक्रमले गैंडाकोट, रतनपुर, कोटथर र डाँडाझेरी गरी ४ वटा गा.वि.स.मा काम गरेको छ । गैंडाकोट गा.वि.स.लाई हेर्दा वडा नं. ३ मा मात्र यस कार्यक्रमको कार्य क्षेत्र बनाएको छ । जसमा पनि ढोडेनीबाट तात्रीबास एवं हर्दि, केलादी यो तीनैवटा टोलमा पुग्न १ दिनमा मुस्किलले पैदलबाट छिचल्न सकिन्छ । नवलपरासीको पहाडी गा.वि.स.को भन्दा यहाँको समस्या कम छैन र यस ठाउँमा ग्रामीण युवा विकास कार्यक्रम आइसकेपछि कम्तिमा ५० जना युवा युवती स्वरोजगार बनेको अवस्था छ । ड्राइभिङ, मोबाइल मर्मत (सफ्टवेयर हार्डवेयर) फर्निचर, टेलरिङ, ब्युटीपार्लर आदि हाल अत्याधिक युवा युवतीले रुचाएका विषय हुन् तर पनि समुदाय र युवाहरु आफ्नै सुहाउँदा सीप विकासमा किन रमाउँदैनन भन्ने कुरा लेख्न चाहन्छु ।

म यस कार्यक्रमलाई नजिकैबाट नियाली रहेको एकजना युवा हुँ । सहमति संस्था तथा कार्यक्रम प्राय: युवा केन्द्रित छ । कमजोर एवं असहायहरूको पक्षमा छ भन्दा दुई मत हुँदैन । मलाई यस संस्थाको तालिम तथा सहयोगले आफ्नो लागि केही गर्न सक्ने ठाउँमा छु । गाउँमा सहकारीको निर्माण गरी त्यहीबाट समुदायको जीवनस्तर उकास्न सक्ने उद्देश्यको साथ गाँउमा नै मेलमिलाप बचत तथा ऋण सहकारी संस्था लि.को स्थापना गरी व्यवस्थापक पदमा कार्यरत छु । मेरा आफ्नै जीवनका अनेकौं मोडहरू थिए, हरेकको मोड अत्यन्त चुनौतीपूर्ण पनि थिए र म सोच्दछु, चुनौतीपूर्ण हुनु आवश्यक पनि छ । म एक युवा भएको नाताले मेरो सन्दर्भमा समाज परिवर्तनका लागि युवाहरूमा दरिलो आत्मविश्वास र इच्छा शक्ति चाहिन्छ भन्ने कुरामा दुई मत राख्दिन तर आज नेपाली युवाहरूको मन विदेशी खाडीहरूमा छ, जंगली झाडीहरूमा छ । यथार्थ र सन्तुलित भाषाबल छैन, लहडी र बेवारिसे जस्तो परिवर्तित भाव बोकी क्षणिक आनन्दमा रमाइरहेको देख्दछु । युवाहरूमा फैलिएको विकृति र दुर्व्यसनी देख्दा लाग्छ म पनि यो समाज, यहीको सामाजिक अवस्था, मानिसहरुको सोच्ने काम गर्ने तौर तरिका सबै देख्दा यहाँ पूँजीपतिहरू, धनाढ्यहरू अनि विकृति भाव बोकी हिँड्ने लहडीहरु भन्दा अरु बस्न सक्दैनन कि जस्तो लाग्छ । आज युवाहरू श्रमबिना बाँच्न चाहन्छन्, मेहनत बिना रमाउन चाहन्छन्, सीपबिना उत्पादन चाहन्छन् त्यसैले नेपाल प्रत्येक वर्ष कमजोर अवस्थामा पुगेको छ, गरिबीको रेखामुनी धकेलिइरहेको छ । हाम्रा हजुरबुवाहरूले भन्नुहुन्थ्यो २० घण्टा काम गर्थ्यौं, नुन लिन ठोरी जानु पर्थ्यो यावत कुरा । त्यो दु:ख त्यो समस्या अनि त्यो उत्पादनले यो अवस्थामा ल्याउनु भएको हो तर आज एकजना १६-२० वर्षको युवा कुनै जिम्मेवारी नभएको अवस्थामा छ । या भनौं २० देखि २५ वर्षको युवा पारिवारिक वैवाहिक बन्धनको बाध्यात्मक जिम्मेवारीमा छ । उत्पादनलाई खासै वास्ता गर्दैन, जिम्मेवारी लिन सक्दैन, समाज विकृत बनाउँछ । शिक्षादिक्षाको कुनै व्यवसायिकता छैन । पारिवारिक जिम्मेवारी, सामाजिक नैतिकता तथा आदर सत्कारको भावना जस्ता कुराको कमीले गर्दा युवा मन विकृत छ ।



सबै कुरा नकारात्मकभन्दा बढी सकारात्मक हुन आवश्यक छ । विदेशी आधुनिक उत्पादन, सञ्चार सामग्रीले गर्दा मानव जीवनलाई धेरै सहज बनाएको छ । तर नेपाली उत्पादन र हाम्रो देशको ऋय क्षमताका कारण सबै वस्तु तथा सेवा नेपालमा भित्र्याउन आवश्यक छैन । हामी नेपाली युवाहरू कति कमाउँछौं र कति खर्च गर्छौं अनि हाम्रो आवश्यकता धान्न हामीसँग क्षमता छ या छैन भन्ने कुरा बुझ्न आवश्यक छ । एउटा सामान्य किसान परिवारले आफ्नो आवश्यकता पूरा गर्न नसक्ने अवस्था छ किनभने हाम्रो आवश्यकता नै बढी छन् । अर्थशास्त्रमा भने जस्तै आवश्यकता मानिसको क्षमता अनुसार फरक-फरक हुन्छन् र सबैका सबै आवश्यकता पूरा हुन सक्दैन । त्यसैगरी ग्रामीण समुदाय र सहरी समुदाय बीच असामान्य फरक आर्थिक अवस्था छ । त्यसैले आजकल विकृति र विसंगति सहरबाट गाउँ आएको छ । किनभने एउटा युवा गाउँ छोडी सहर जान्छ र शहरमा भएका साथीहरूको आर्थिक हैसियत र खर्चका क्रियाकलापले उसमा असामान्य परिवर्तन ल्याउँछ । अनि ऊ उक्त बानी व्यवहारका कारण फरक शैलीमा जान्छ सोही कारण आजका युवाको मनस्थिति भावना बिचारलाई सन्तुलनमा ल्याउन श्रम सीप, शिक्षालाई सँगसँगै लैजाने खालको कार्यक्रम तथा शिक्षा आवश्यक छ तब मात्र युवाहरू सन्तुलित भएर काम गर्न सक्छन्, जागरुक भएर काम गर्न सक्छन् । मेरो विचारलाई यस युवा आवाज पत्रिकामा लेख्ने मौका दिएकोमा कार्यक्रमप्रति आभार व्यक्त गर्दै प्रत्येक युवाहरूमा सामाजप्रतिको जिम्मेवारी, आफूप्रतिको जिम्मेवारी लिन अनुरोध गर्दछु र उत्सुकतापूर्वक पढ्ने सम्पूर्ण युवा साथीहरूमा जागरुक, सशक्त नेतृत्वदायी, निर्माणशील काममा कर्मठ भएर लाग्ने तथा समुदायमा सकारात्मक परिवर्तन आउने काममा सहयोग पुऱ्याउनु हुनेछ भन्दै बिदा हुन्छु ।

# बेमौसमी तरकारीप्रतिको मोह

✍ कृष्णबहादुर न्यौपाने
गैंडाकोट -३, हर्दी

म गैंडाकोट-३, हर्दिमा बस्ने एक सामान्य किसान हुँ । मैले पहिला परापूर्वकालदेखि लगाउँदै आएको मकै, कोदो खेती लगाउँदै आइरहेको र यस खेतीले बिहान बेलुका तथा वर्षभरि खान र आफ्ना आधारभूत आवश्यकताका कुराहरू परिपूर्ति गर्न नसकिरहेको बेला सहमति ग्रामीण युवा विकास कार्यक्रमको नजर यस गाउँमा परेपछि मैले पनि केही कुरा सिके र वेमौसमी गोलभेंडा खेतीतर्फ लागें । यस सहमति संस्थाले दिएको सल्लाह सुझाव अनुसार मैले पहिला थोरै मात्रामा टमाटर खेती लगाएँ । यो खेती राम्रो भयो र यो खेतीले केही होला जस्तो मनमा लाग्यो र मैले दोस्रो वर्ष ३ रोपनी जग्गामा टमाटर खेती लगाएँ । यसबाट मैले ६५,०००।- आम्दानी लिन सफल भए । यसले आफूलाई तथा घरको आवश्यकताका कुराहरू परिपूर्ति गर्न सकियो र बालबालिकाहरूलाई पढाउन र औषधी उपचार गर्न सकियो । त्यसपछि मैले गोलभेंडा, घिरौंला, करेला र केरा खेती लगाउँदै आइरहेको छु । मैले ३ रोपनीमा ४०० विरुवा केरा लगाएको छु । मैले यो वर्ष पनि ४ रोपनी जग्गामा टमाटर र केरा खेती लगाउने उद्देश्य राखेको छु । यस टमाटर र केरा खेतीको लागि आवश्यक मल पुऱ्याउन नसकेकोले पशुपालनको रूपमा बंगुरपालन व्यवसायीक थालनी गर्न खोजेको छु । मैले सुरुमा १० वटा बंगुर पाल्ने र पछि व्यवसाय रूपमा बढाउँदै लैजाने लक्ष्य राखेको छु । यस व्यवसायको लागि बंगुरको खोर बनाउनको लागि घरको आर्थिक अवस्था कमजोर भएकोले कार्यक्रमले केही सहयोग गरिदिनु हुन्छ भन्ने आशा राखेको छु । अन्तमा म जस्तो गाँउमा बसेको केही गर्न नजान्ने अनि आर्थिक अवस्था कमजोर भएको व्यक्तिको जीवनस्तर सुधार्नमा कार्यक्रमले गरेको योगदानको धन्यवाद दिन चाहान्छु ।



**Kamala Diswa**
**Kotthar-6, Class- 9**
**Student of Informal Youth Class**



Education

Education is the human light,
That makes our life bright.
Education is the life,
which cannot be cut with knife.

Education hasled people to the moon
So, we should get education very soon.
Education helps us in development of mind
So, we should get education of all kind.

Educated people are clever,
But, uneducated people are nevers
Education can never flow,
And also it can never blow.
Education should be cared
And also it should be shared.
Education is like gold,
That can never be sold.
Education is the knowledge,
which is given by other and callege.
Education is the great power,
which can never sour.

*(माथिको रचना १२ औं अन्तर्राष्ट्रिय युवा दिवस कार्यक्रममा प्रस्तुत भएको थियो ।)*

# आत्मनिर्भर बन्ने चाहना

✍ चुनीमाया लुङ्गेली
डाँडाझेरी, ४ बरिमल



मेरो नाम चुनीमाया लुङ्गेली मगर हो । मेरो जन्म वि.सं. २०४४ सालमा नवलपरासी जिल्लाको अत्यन्तै विकट डाँडाझेरी गा.वि.स.को वडा नं. ४ बरिमल भन्ने गाउँमा भएको हो । मेरो बुबाको नाम लालबहादुर लुङ्गेली हो र उहाँ किसान काम गर्नुहुन्छ । म गरिब परिवारमा जन्मेको हुनाले मैले धेरै पढ्न लेख्न पाइन । त्यसैले म घाँस दाउरा गर्न मेलापात र गाईवस्तुको गोठालो हिँड्नमा नै बाध्य भइरहेको थिए । मैले सधैं अब जिन्दगीभरी यस्तै गरी बिताउनु पर्ने रहेछ भन्दै मन बेस्सरी रुन्थ्यो । म आफैले सोचेको थिएन की मेरो जीवन यस्तो हुन्छ भनेर । जब हाम्रो डाँडाझेरी गा.वि.स.मा सहमति ग्रामीण युवा विकास कार्यक्रम आयो, कार्यक्रमसँगको सल्लाहमा यो कार्यक्रमले विभिन्न सीपमुलक तालिम प्रदान गर्दै आएका कुरा मैले पनि थाहा पाए र त्यसपछि मैले मेरो बुवाआमासँग सल्लाह गरेर म सिलाई तालिममा जान्छु भनेर बुवाआमासँग मैले सल्लाह गरे । त्यसपछि मैले ६ महिना सिलाई कटाई तालिम लिए । तालिम लिए पश्चात हाल मैले आफ्नै गाँउमा सिलाई कटाई व्यवसाय गरेर मासिक रूपमा ६ देखि ८ हजारसम्म कमाउँछु र मैले पढ्न लेख्न नजाने पनि सिलाई तालिम गरेपछि यसैमा नै खुसी छु र मेरो विगतको दिनहरुलाई सम्झेर हेर्दा मेहनत र कम्मर कसि अगाडी बढ्यौ भने कुनै कुरामा पनि अवश्य सफल भइन्छ । अन्त्यमा सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई धन्यवाद दिन चाहन्छु र थप सहयोगको लागि अपेक्षा पनि राख्दछु ।

# मेरो जीवनमा आएको परिवर्तन

✍ सीता ढकाल
गैंडाकोट-३, ढोडेनी

म नवलपरासी जिल्लाको गैंडाकोट गा.वि.स.वार्ड नं ३ ढोडेनी गाँउमा बसोबास गर्ने एक साधारण किसान थिएँ । म आफूले आफैलाई कसरी परिवर्तन गर्ने र परिवर्तन कसरी हुने भन्ने कुरामा अन्योल थिए । किसानले आफूलाई परिवर्तन गर्न के नै सक्छौ र उही परम्परागत कोदो, मकैको दु:ख बाहेक अरु केही थिएन न त यो ठाउँमा कलकारखाना, न त सीपमूलक नै थियो मात्र किसान, किसानी गर्नु पनि सिंचाई नभएको ठाउँमा के गर्नु सकिदो रहेछ । म स्थानीय रुपमा विभिन्न संस्थाहरुमा आवद्ध भएको कारणले विभिन्न संस्थाबाट धेरै ठाउँमा विभिन्न किसिमका अवलोकन भ्रमणको लागि गएकी थिए तर आफ्नो ठाउँमा आउँदा मलाई उदास लाग्थ्यो, जति देखेपनि, जति घुमेपनि आफ्नो गाउँमा आफ्नो ठाँउमा केहि गर्न सकिएन । यो ठाउँमा पनि किसानमा र सीपमूलक कामको खोजीमा धेरै युवाहरू लागि परेको देखिन्छ । यो ठाउँमा पहिला समूह संस्थाहरू केही थिएन मात्र गैंडाकोट ८ मा रहेको बिकु सहकारीले वचत संकलन गर्ने ऋण लगानी गर्ने गर्दथ्यो र त्यस संस्थामा पनि दुई चार जना मात्र केही जान्ने बुझ्ने व्यक्तिहरु सहभागी भएका देखिन्थे ।बचत के हो र यसो गरेमा के हुन्छ भन्ने मलाई केही थाहा थिएन पछि मेलमिलाप बाखापालन समूह बन्यो त्यसमा पनि मैले चासो लिइन । यसकारण त्यस बेलासम्म म संघ संस्था समूह भनेको के हो ? मलाई थाहा भएको थिएन । २०६२ मा त्रिनेत्र संस्थाबाट खानेपानीको योजना सुरु गर्ने भन्ने कुरा चल्यो यो संस्थाको सहयोगबाट पारिजात महिला समूहको शुरुवात भयो र म पनि त्यस समूहमा सदस्य भएकी थिए र मैले विस्तारै समूह संघ संस्था भनेको के हो भन्ने कुरा बुझ्दै गए । यस्तै यस्तै दोधारे जीवन व्यतित गरिहेको अवस्थामा केही सीपमूलक काम सिकी आफ्नो भविष्य उज्ववल बनाउन सकिन्छ भन्ने कुरा बुझ्दै गएँ अनि यहि समयमा हाम्रो गाँउमा क्रियाशील रहेको सहमति ग्रामिण युवा विकास कार्यक्रमसँग सम्पर्क गरे ।यसै क्रममा कार्यक्रमको सहयोगमा ६ महिने ब्युटिसियनको तालिम सिके र अहिले म यही सीपको आधारमा गैंडाकोट -५ जनक उच्च मा.वि.नजिकै पसल खोलेर बसेकी छु यसबाट मासिक ९, १० हजार रुपैया कमाउनका लागि मलाई खासै समस्या परेको छैन जसबाट मैले मेरा वच्चाहरुको पढाई लगायत अन्य कुरामा सहयोग मिलिरहेको छ । यसर्थ युवाहरूको लागि सहमति ग्रामीण युवा विकास कार्यक्रमबाट विभिन्न सीपमूलक कामहरू सिकाउँदै आउनु भएको छ र पहिलाभन्दा अहिले धेरै परिवर्तन भएको छ र हामी युवाहरूले हाम्रो अमूल्य समय बेकार नफालौं र समयको सदुपयोग गरी सीपमूलक काम सिकौं स्वरोजगार बनौ भन्न चाहन्छु ।



# अंग्रेजी भाषा कक्षाको प्रभाव

✍ मनु रामदाम
कोटथर-६, ठिमुरे

म कोटथर गा.वि.स.मा रहेको छत्तीसादेवी मा.वि.मा सात कक्षामा पढ्ने विद्यार्थी हुँ । कक्षामा मेरो रोल नंम्बर. १ हो । म अहिले ग्रामीण युवा विकास कार्यक्रमको सहयोगमा युवा सुचना केन्द्रद्धारा संचालित अंग्रेजी भाषा कक्षा पढ्दै छु र यस युवा सूचना केन्द्रले धेरै सुविधाहरू दिइरहेको छ भने विभिन्न किसिमका ज्ञानवर्द्धक एवं चेतनामूलक पुस्तकहरु तथा पत्रपत्रिकाहरु उपलव्ध गराएको छ । म पहिला अनपढ जस्तै केही नजान्ने थिए र म अहिले पहिलाभन्दा धेरै जान्ने भएकी छु । युवा सूचना केन्द्रले अंग्रेजी भाषा कक्षा पढाएको छ । खासगरी हामी अंग्रेजी भाषा कक्षा मात्रा पढेका हौं तर हामी विज्ञान र गणितमा पनि अति कमजोरी भएको कारणले गर्दा हामी ती विषयहरू पनि पढेका छौं । यसरी युवा सूचना केन्द्रमा पढेर मैले परीक्षामा पहिला भन्दा धेरै अङ्क ल्याएर पास हुन सफल भएकी छु । सधैंभरि यसैगरि पढ्न पाए झन् कति जान्ने हुन्थें होला ? यस भन्दा अगाडि पनि धेरै सुविधाहरू युवा सूचना केन्द्रले दिइरहेको छ । म यहाँ पढेर अंग्रेजी बोलेको बुझ्छु र मलाई अंग्रेजी बोल्न पनि आउँछ । अझैं पोख्त भएको छैन । त्यसैले आगामी दिनहरूमा पनि अझै पढ्न पाऊँ भन्ने विनम्र अनुरोध गर्दछु ।

हाम्रो गाउँमा त्यति शिक्षित मानिसहरू छैनन् । कोही-कोही छन् तर तराईतिर गई पेशा गरी बस्दछन् । तर यस युवा सूचना केन्द्रले यस्तो गाउँमा आई शिक्षित गराएको छ र युवा सूचना केन्द्रले अंग्रेजी भाषा पढाइदिएको हुँदा हामी धेरै जान्ने भएका छौं । हामी यस युवा सूचना केन्द्रमा पढेर धेरै जान्ने भएको कारणले हामी धेरै खुसी छौं र हाम्रा अभिभावक समेत धेरै खुसी हुनुहुन्छ । हाम्रा अभिभावकहरूले त झन् सधैं पढाईदिए त हाम्रा छोराछोरीहरूले कति जान्थें होला भनी कुरा गर्नुहुन्छ । हामीलाई यस अंग्रेजी भाषा पढेर धेरै हौसला मिलेको छ कि कोशिस गरेमा जस्तो सुकै गाह्रो कुरामा पनि सफलता हासिल गर्न सकिने रहेछ । साथै टाढा-टाढाबाट आउने विद्यार्थीहरूलाई खाजाको व्यवस्था गरिदिनु हुन विनम्र अनुरोध गर्दछु । अन्तमा अंग्रेजी भाषा पढाउनमा सहयोग गर्ने युवा सुचना केन्द्र र सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई अझ युवाहरु फाईदा पुग्ने कार्यक्रमहरु ल्याउनुहोस र म जस्तै अन्य विद्यार्थीहरुलाई फाईदा पुगोस भन्ने चाहना प्रकट गर्दछु ।

# विष्टवाट परिवर्तित मेरो जीवन

✍ भुवनकुमार दर्नाल
कोटथर-४, ढाडबेसी



मेरो नाम भुवनकुमार दर्नाल हो । मैले अहिले १२ कक्षाको परीक्षा दिएर बसेको हुँ । मेरो बाबु बाजेले किसान काम लगायत सिलाइ काम पनि गर्नु हुन्थ्यो, वहाँहरुले हाते मेसिन चलाउनु हुन्थ्यो र ८/१० घर विष्ट पनि थिए तिनै विष्टहरुको घरबाट दिने अन्नहरुको सहायताबाट दिनहरु गुजारा हुदै गएको थियो । यसै क्रममा ती विष्टहरुले पनि विस्तारै विस्तारै गरी छोड्दै गए । अनि के गर्ने त अब भन्ने कुरा मनमा खेल्न थाल्यो । कुरा बुझ्दै जाँदा सहमति संस्थाद्वारा संचालित ग्रामीण युवा विकास कार्यक्रम मार्फत विभिन्न सीपमूलक तालिमहरू गराइरहेको थाहा पाएपछि मैले पनि कार्यक्रमसँग सम्पर्क गरे । त्यसपछि म सिलाइ कटाई तालिम सिक्नका लागि तयार भए र मैले कार्यक्रम मार्फत ४ महिने सिलाई कटाई तालिम लिए । तालिम सकेपछि मैले घरमानै सिलाउने काम गर्न थाले ।घरमा नै गरिएको सिलाइबाट खासै प्रचार प्रसार नहुँदा धेरै कमाइ गर्न गाह्रो भयो र अहिले मैले आफ्नै गाउँको मूख्य ठाँउमा स्कुल नजिकै कोठा भाडामा लिई सिलाई पसल खोलेको छु । बाबु बाजेले हाते मेसिनमा सिलाइ गर्नु हुन्थ्यो भने अहिले मैले आधुनिक मेसिन चलाउँछु । अहिले मसँग तीनवटा मेसिन छन र पसल नियमित खोल्ने गर्दछु । दिनको कम्तिमा २, ३ सय रुपैया कमाई हुन्छ, यो भन्दा पहिला पैसा कमाउन धेरै गाह्रो हुन्थ्यो अहिले दिनहु आम्दानी हुने धेर थोर कमाईले पैसाको ठूलो दुःख छैन त्यसैगरी अहिले आफैले अन्य व्यक्तिलाई पनि सिलाइ कटिङ तालिम सिकाउने गर्दछु । म सहमति संस्थामा उद्यमशीलता विकास तालिममा पनि सहभागी भई तालिम लिए । त्यस तालिमबाट मैले मेरो पसल (व्यवसाय) लाई अझ बढी व्यवस्थित कसरी गर्ने भन्ने कुरा सिक्ने अवसर मिलिरहेकोछ । अहिले मेरो पसल राम्रैसँग चलेको छ । मैले अहिले अन्नमा होइन नगद लिएर सिलाउने गर्दछु । मेरो कमाइले घरमा आवश्यक खाद्यन्न किन्न सहज भएको छ र मेरो भाइ बहिनीहरूलाई राम्रोसँग पढाउन सहयोग भइरहेको छ । त्यसैले मेरो जीवनमा पहिलाभन्दा अहिले परिवर्तन आएको छ । जसले गर्दा म र मेरो परिवार खुशीकासाथ बसेका छौं । अन्तमा म जस्तै के गर्ने कता जाने, के नगर्ने भन्ने दोधारमा वसेका युवाहरुलाई के भन्न चाहान्छु भने केही सीप सिकी व्यवसायी बनौ, आफ्नो जीवन सुमधुर बनाउँ अनि सहमति संस्थालाई पनि यस्तै युवाहरुलाई फाइदा अनि प्रगति हुने खालका क्रियाकलापहरु गर्दै जाओस् भन्ने शुभकामना ।




# जीविकोपार्जनका लागि पशुपालन

✍ गमबहादुर आले मगर
डाँडाझेरी-६, गोठडाँडा



म लुम्बिनी अञ्चल नवलपरासी जिल्लाको विकट डाँडाझेरी गा.वि.स. वडा नं. ६ मा बसोबास गर्ने एक साधारण किसान हुँ । म आफूले आफूलाई र समुदायलाई कसरी परिवर्तन गर्ने र परिवर्तन भएको देख्ने भन्ने कुरामा अन्यौलमा थिएँ । सहमति ग्रामीण युवा विकास कार्यक्रमले ३५ दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको तालिम लिने र सहभागी हुने अवसर प्रदान गर्नुभयो । पहिला किसानले साँझ बिहान छाक टार्नका लागि  कसैले खेतबारीमा काम गरेरै नै छाक टार्ने गर्थे कसैले युवाहरू विदेश गएर जीविकोपार्जन गर्ने गर्थे, परम्परागत रुढीवादी अन्धविश्वास र लामा झाँक्री गर्ने चलनचल्ती थियो । पहिला हामीले पशुपालनतर्फ धेरै चासो गर्थ्येनौ तर जब म अहिले तालिम लिएर आए, त्यसपछि मैले तालिममा जानेका बुझेका कुरा समुदायमा आएर सुझाव सल्लाह दिए । अहिले हामीले पशुपालन मूख्य आम्दानी नै हो भनेर बाख्रा व्यवस्थित तरिकाले पाल्ने, एउटै खोरको बोका त्यही खोरमा रहेका वाखाहरुमा नलगाउने तथा उन्नत जातको बोका लगाउने र बोकालाई एक डेढ महिनामा खसी पार्ने गर्दछौ । ६/६ महिनामा जुकाका औषधी खुवाउने गरेपछि अहिले समुदायलाई पनि फाइदा र मलाई पनि फाइदा भएको छ ।गाउँको किसानले वाखावाट राम्रो पैसा हात पारेको देख्न पाएको छु । औषधी बेचेर मैले लगभग १ वर्षमा रु. १५,०००।- देखि २५,०००।- सम्मको आम्दानी लिदै आएको छु र मेरो घरमा अहिले ६२ वटा बाख्राहरु रहेका छन् । मैले पहिला पहिला बाख्रावाट खासै आम्दानी लिने गरेको थिएन तर अहिले वार्षिक रुपमा ४०/५० हजार आम्दानी हुने गर्दछ । यसर्थ म त्यत्ति धेरै शिक्षित व्यक्ति त होइन तर म आफ्नो आत्मदेखि के भन्न चाहन्छु भने "आफू जन्मेको देशलाई छोडेर विदेशमा गएर अति सामान्य काम गरेर आफ्नो जीवनलाई धिक्कार गराउनुभन्दा आफ्नो जन्मभूमिमा बसेर दुःख गरेर बस्नु धेरै रमाइलो र आनन्द हुन्छ" । यो आनन्दको खोजी गर्न ठूलो कुरा गर्नु भन्दा युवाहरू धेरै लगनशील भएर आफ्नै मेहनत जाँगर गरेर पशुपालन गर्ने र किसानी कार्य गर्ने हो भने सवैको नजरमा उदाहरणीय वन्न सकिन्छ जसबाट धेरै उत्पादन र नाफामुखी पनि बन्न सकिन्छ भन्दै "यस महान कार्यको थालनी हामी र आफूबाटै आजै देखि गरौं" भन्न चाहन्छु ।

## अंग्रेजी भाषा ....................................................

पनि हौसला बढेको छ । त्यसैले मलाई लाग्छ अंग्रेजीको महत्व आजको युगमा अपरम्पार छ । जसले अंग्रेजी जान्दैन ऊ साँच्चै पछाडि परेको हुन्छ । विभिन्न क्षेत्र जस्तै शिक्षा, व्यापार, पर्यटन, विकास तथा हरेक क्षेत्रमा अंग्रेजी भाषाको महत्व ज्यादै ठूलो छ । हामी ग्रामीण भेगमा बस्ने विद्यार्थीका लागि हाल सहमति ग्रामीण युवा विकास कार्यक्रमले समस्या बुझेर जुन पाइला चाल्यो त्यस्तै पाईला अन्य संस्थाहरुले चालेमा ज्यादै सहजता हुने थियो । यसका साथै हरेक विषयमा प्रगति हुँदैछ । अझै हामी पढ्न पाए त झन् अगाडि बढ्थ्यौ होला । अन्तमा यस संस्थालाई धन्यवाद दिँदै आगामी दिनहरूमा पनि सहयोगको अपेक्षा गर्दछु ।

# मेरो अनुभुति

✍ हिमाल गाहा

डाँडाझेरी -३, देउराली



पश्चिमाञ्चल विकास क्षेत्रको सुगम जिल्ला भनेर चिनिने नवलपरासी जिल्लाको विकट गा.वि.स. डाँडाझेरी शिक्षा, स्वास्थ्य, चेतना लगायत समग्र विकासका दृष्टिकोणले पछाडी रहेको हाम्रो गा.वि.स.मा मगर समुदायको वाहुल्यता रहेको छ । गा.वि.स.मा भर्खरै १ वर्षदेखि देव बडाचुली माध्यमिक विद्यालयमा माध्यमिक स्तरको पढाइ हुने गरेको छ यसर्थ भर्खरै मात्र माध्यमिकस्तरको पढाइ हुने हाम्रो गा.वि.स.मा शिक्षा नभएपछि अन्य कुराको चेतनाको स्तर ज्यादै न्यून रहेको थियो । यसै अवस्थामा गैंडाकोट गा.वि.स.मा रहेको सहमति संस्थाले ग्रामिण युवा विकास कार्यक्रम लिएर हाम्रो गा.वि.स.मा विभिन्न किसिमका समुदाय तथा युवा विकासका क्रियाकलापहरु संचालन गर्न थाल्यो । त्यस पश्चात विभिन्न किसिमका तालिम छलफलहरुमा सहभागी भई हामीहरुले पनि विभिन्न किसिमका अप्ठ्याराका वावजुत विकासका पाइलाहरुमा अगाडि बढ्दै गयौं । यस प्रकार ग्रामीण युवा विकास कार्यक्रममार्फत संचालित विभिन्न कार्यक्रमहरुमा स्वयं उपस्थित भई आफूमा उन्नती र प्रगती भएको छ भने म जस्तै अन्यमा पनि परिवर्तन आउने क्रम जारी छ । निश्चयै नै पुराना कु-संस्कृतिहरुलाई पन्छाई समग्र डाँडाझेरीको मुहार फेरिन्छ र हाम्रो अनि राम्रो डाँडाझेरी भनि सबैको सामु देखाउनका लागि महान सपना मनमा सजाउँदै निरन्तर दिन रात नभनी पूर्ण आशाकासाथ विकासका यात्राहरु अगाडि बढाइरहेका छौं ।

विकटताको कुरा गर्ने हो भने सदरमुकामदेखि झण्डै १३० किलोमिटरको दूरीमा अवस्थित यो गा.वि.स. सरकारी सेवाको पहुँचदेखि ज्यादै टाढा रहेको छ । साक्षरताको अवस्था ज्यादै न्यून रहेको यस गा.वि.स.मा गुणस्तरीय शिक्षाको ज्यादै समस्या रहेको छ । स्थानीय स्रोत साधन प्रर्याप्त भएर पनि त्यसलाई सही सदुपयोग गर्न नसक्नुने यहाँका जनसमुदायको प्रमुख कमजोरी हो । यसर्थ सहमतिले हाल स्थानिय स्रोत साधनलाई अधिकतम परिचालन गर्न हौसला दिँदै गाउँ गाउँमा युवाहरु, महिलाहरुलाई विभिन्न संस्था एवं समूहमा आवद्ध गराई चेतनामूलक तथा आयमूलक कार्यक्रम एवं विभिन्न किसिमका सीपमूलक तालिमहरु प्रदान गर्दै आइरहेको छ । यति मात्र नभएर सहकारी संस्था एवं युवा सूचना केन्द्रको संस्थागत क्षमता विकासमा मद्दत गरिहेको छ । सहकारी संस्थामा गरेको आर्थिक एवं प्रविधिक सहयोगका कारणले हाल सहकारीमा झण्डै ७०० जना शेयर सदस्यमाझमा १५ लाख भन्दा बढीको कारोवार आफ्नै व्यवस्थित भवनमा गरिरहेको छ ।

अन्तमा विकट डाँडाझेरी गा.वि.स.का युवाहरु विभिन्न असामाजिक कामहरुमा अल्मलाइरहेको अवस्थामा यहाँका युवाहरुको चेतनाको स्तरमा अभिवृद्धि गराई युवाहरुमा अनेकतामा एकताकासाथ अगाडि बढी विकट डाँडाझेरीको मुहार फेर्नका लागि र हाम्रो डाँडाझेरी राम्रो डाँडाझेरी भन्ने नारालाई सार्थक बनाउन कम्मर कसि अगाडी बढ्नका लागि सहमति ग्रामीण युवा विकास कार्यक्रमबाट जुन किसिमको सहयोग प्राप्त भईरहेको छ, यस्ता प्रकारका सहयोगहरुको निरन्तरताका लागि समग्र डाँडाझेरीवासी युवाहरुको तर्फहरुबाट सहृदय अनुरोध गर्दै कार्यक्रलाई धन्यवाद दिन चाहान्छु ।

# मनमा आएको खुसी र सफलता

✍ झमानसिंह सारु

रतनपुर-७, रतनपुर



मेरो नाम झमानसिंह सारु हो । म नवलपरासी जिल्लाको रतनपुर गा.वि.स. वडा नं. ७ रतनपुरमा २०२० सालमा गरिब परिवारमा जन्मेको हुँ । यस गा.वि.स. अन्तर्गत वडा नं. ७ रतनपुरमा कुनै प्रकारको विकास भएको थिएन । जटिल रूपमा रहेको यस वडाका नागरिकहरूमध्ये म पनि संस्कृतिक नाचगान, रुढीवादी, परम्परा र अन्धविश्वासमा नै रुमलिएको थिए । केही नयाँ कुरा सिक्न नसकी घरमा नै सधैं पुरानो परम्परागत खेतीलाई मुख्य पेसाको रूपमा काम गर्दै आएको थिए । तर जव सहमति ग्रामीण युवा विकास कार्यक्रमवाट मलाई विभिन्न गोष्ठी, तालिमहरूमा समावेश हुने अवसर प्रदान भयो त्यसपछि व्यवसायिक तरकारी बाली सम्बन्धी जानकारी भयो । यस कार्यक्रमले सहयोग गरेपछि मेरो मनमा खुसीका तरङ्गहरू पलाए र मैले एक रोपनी जग्गामा व्यवसायिक रूपमा बेमौसमी तरकारी बालीहरु जस्तै: टमाटर, काउली, बन्दा, बोडी, खुर्सानी र करेला आदि लगाए त्यसपछि त्यसमा म धेरै सफल भए । करिब ६० हजारजति कमाए यसपछि हाल नियमित रूपमा तरकारी खेती गरिरहेको छु । पहिला पहिला तरकारी किनेर खान्थ्यौ भने अहिले आफ्नै बारीमा उत्पादन भएको छ । पैसाको पनि बचत र समयको पनि बचत भएको छ । परिवारमा सन्तोष छाएको छ । अझै धान, मकैमा पनि यस संस्थाको सहयोगले उन्नत बीउ बिजनहरू लगाउँदै आएका छौ । यसमा पनि म सफल नै छु । त्यस्तै सहमति ग्रामीण युवा विकास कार्यक्रमले बाल कक्षा स्थापना र सामुदायिक वनमा लगायत सिंचाईमा पनि धेरै सहयोग गरे पश्चात झनै खुसी लागेको छ । अहिले म गाँउलेहरुको आग्रहमा श्री जलदेवी प्रा.वि. र श्री अकलादेवी सामुदायिक वनको अध्यक्षको रूपमा काम गरिरहेको छु । यस पदमा म खुसीको साथमा काम गरिरहेको छु । अहिले मेरो मनमा सफलता र खुसी छ । साँच्चीकै मेरो आफ्नो मनलाई परिवर्तन र यहाँसम्म ल्याई दिएकोमा सो संस्थाप्रति गौरव ठान्छु र पछिल्लो समयसम्म पनि निरन्तर सहयोग गरिदिनु हुनेछ भन्ने अपेक्षा राख्दै सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

# बेलबहादुरको अठोट

✍ बेलबहादुर सिंजाली
स्थानीय स्रोत व्यक्ति, कोटथर-८, काफलडाँडा



मेरो नाम बेलबहादुर सिंजाली हो । नवलपरासी जिल्लाको पहाडी भेगमा रहेको कोटथर गा.वि.स. वडा नं. ८, काफलडाँडा बसोबास गरी आएको २२ वर्ष भयो । गाउँघर, डाँडाकाँडा, घाँसदाउरा, गाईबाख्रा चराउने गर्दागर्दै साथीहरूको लहैलहैमा कक्षा ८ मा पढ्ने क्रममा कामको सिलसिलमा भारतमा पुगें । हुन त बिरानो ठाउँ, बिरानो गाउँ त्यसै पनि मन नरमाइलो मानिरहेको बेला र त्यसैमाथि योग्यता र सीप नहुँदा भने जस्तो र सजिलो काम त कहाँ पाउँदो रहेछ, काम निकै गाह्रो झनै नेपाली भनेपछि सवैले हेप्ने अनि गाली गर्ने । कतिखेर त मलाई लाग्थ्यो त्यो आफ्नो वनपाखा अनि जन्मठाउ को सम्झनाले सताउन थाल्यो । त्यसपछि मलाई एकपल पनि त्यहाँ बस्न मन लागेन बरु सोचें यसरी काम र पसिना बगाए त आफ्नै देशमा सुन फलाउने थिएँ भन्ने अठोट गरेर आफ्नै देश आफ्नै गाउँ फर्के । गाउँमा फर्केर आएपछि मैले आफ्नो पढाइलाई निरन्तर दिन सकिन किनभने मलाई अब पैसा कमाउने भूत चढिसकेको थियो । तर के गर्नु भन्ने बित्तिकै राम्रो काम, राम्रो ठाउँ जान त कहाँ पाउँदो रहेछ । विदेश जाने मस्तिष्कले भरिएको मन बोकेर हिँड्दा हिँड्दै ३ वर्ष बितेको पत्तै भएन । समय त्यसै बर्बाद भइरहेको थियो र पछि आएर यस्तो लाग्यो कि बिना सीप कतै केही गर्न सकिन्नँ । धेरै समय सोचें कि किन मैले आफ्नै गाउँको लागि केही गर्न सकिन । हाम्रो गाँउमा पनि राम्रो सँग गर्नेहो भने आम्दानीका धेरै स्रोतहरु त्यसै छरिएका छन्, गाउँमा सुन्तला खेती परम्परागत रुपमा राम्रोसँग नै हुँदै आइरहेको थियो । त्यसपश्चात गाउँको र मेरो आफ्नो लागि केही गर्नुपर्छ भनेर मैले सुन्तला खेतीलाई अझ राम्रो र व्यवसायिक बनाउनको निम्ति आफ्नै गाँउमा युवालाई मध्यनजर गर्दै कार्यक्रम संचालन गर्दै आएको सहमति ग्रामीण युवा विकास कार्यक्रमसँग कृषि तालिमको माग गरें र ३५ दिने ग्रामीण कृषि कार्यकर्ताको तालिम पनि लिएँ । तालिमपछि गाउँघरमा सुन्तलाको बोटको काँटछाँट र उपचार गरे र त्यसबाट ७/८ हजारसम्म आम्दानी पनि लिनसकें । पहिलो चोटी भएको हुँदा सबै गाउँले आफ्नो सुन्तला बोटमा उपचार र काँटछाँट गर्न मानेनन् । तर अहिले काँटछाँट र उपचार गरेको र नगरेको बोटमा अन्तर भएपछि "अहो ! अब त मैले पनि मेरो सुन्तला बगैंचामा उपचार गर्नुपर्ने रहेछ" भन्नेकुरा अहिले मसँग आएर भन्ने गरेका छन् । यस कोटथर-८, काफडाँडामा हाम्रो बाँच्ने आधार भनेकै सुन्तला हुँदा हामीले वर्षेनी ७००-८०० विरुवा सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगले लगाउने गरेका छौं । जस अनुसार अहिलेसम्म गाँउमा सुन्तलाको १५००-१६०० ठूलो विरुवा र सानो विरुवा २५०० सम्म रहेको छ । मेरो ठूलो विरुवा कम भएको हुँदा गएको वर्ष र यस वर्ष गरेर ५०० विरुवा लगाएको छु ।पछि विस्तारै समूहमा संगठित हुनुपर्दछ भन्ने कुराको महसुस गरी हामीले "काफलडाँडा सुन्तला समूह" नामाकरण गरी जिल्ला कृषि विकास कार्यलयमा सुन्तला समूह पनि दर्ता गरेका छौं । सुन्तलालाई नमुना क्षेत्रको रूपमा स्थापित गर्न तालिम लिए पश्चात सुन्तला खेतीमा धेरै परिवर्तन गर्न सकेकोमा खुसी छु । समय अनुसार आफ्नो सीप र क्षमतालाई वृद्धि गर्न अझ मलाई थप कृषि तालिम लिन इच्छुक भएकोले ग्रामीण युवा विकास कार्यक्रमबाट सहयोगको अपेक्षा गर्दछु । अन्तमा ग्रामीण युवा विकास कार्यक्रमलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु कि हामी जस्तो ग्रामीण भेगमा बस्ने बेरोजगार युवाहरूलाई सीपमूलक तालिमहरूको व्यवस्था गरेर दक्ष युवाहरू उत्पादन गरी निश्चित काममा रोजगार प्राप्त गर्न सफलता मिलेको छ ।

# स्थानिय संस्थामार्फत् युवाहरूको सक्रियता

✍ बेलबहादुर सारु मगर
अध्यक्ष, डाँडाझेरी ग्रामीण विकास केन्द्र, डाँडाझेरी-९, टाँडी



नवलपरासी जिल्ला सदरमुकाम परासीदेखि १३० किलोमिटर उत्तरमा रहेको १७ वटा विकट पहाडी गा.वि.स.हरूमध्ये डाँडाझेरी पनि एक हो । यस गा.वि.स.मा रहेका विभिन्न सरकारी गैरसरकारी संस्थामध्ये डाँडाझेरी ग्रामीण विकास केन्द्र पनि एक हो । यस डाँडाझेरी ग्रामीण विकास केन्द्र मिति २०६७ सालमा डाँडाझेरी गा.वि.स. वडा नं. ९, टाँडी, कोटा र भांगवारीका स्थानीय युवाहरूको सक्रियतामा स्थापना भएको हो । यस संस्थाले समाजका विभिन्न सामाजिक सुधारका कामहरू गरिरहेको छ भने सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगमा डाँडाझेरी ग्रामीण विकास केन्द्रको पहलमा यस संस्था जिल्ला प्रशासन कार्यालय नवलपरासीमा दर्ता समेत भैसकेको छ ।

डाँडाझेरी ग्रामीण विकास केन्द्रले विपन्न तथा पछाडि परेका सामुदायिक र युवाको हकहितका लागि विभिन्न क्रियाकलाप गर्ने उद्देश्यले सहमति ग्रामीण युवा विकास कार्यक्रम मार्फत विभिन्न तालिम, गोष्ठी, शिविर छलफल र अध्ययन अवलोकन भ्रमण समेत सहभागी गराएको थियो । यस पश्चात यहाँका युवाहरूले जोश जाँगरका साथ सहमति ग्रामीण युवा विकास कार्यक्रमसँग सहयोग माग गरी डाँडाझेरी गा.वि.स.का विभिन्न वडाहरूमा वातावरण सरसफाई कार्यक्रम, सामुदायिक वन व्यवस्थापन तालिम र संस्थाको आम्दानी वृद्धिका लागि केरा विरुवा र अम्रिसो विरुवा लगाउने कामहरू सम्पन्न गरियो । अझै संस्थाले विभिन्न कार्यक्रमहरू जस्तै वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण तथा छलफल, सहकारी शिक्षा शिविर, सामुदायिक वन व्यवस्थापन लगायतका विभिन्न कार्यक्रम संचालन गर्ने योजना बनाइरहेको छ । यसर्थ यसरी नै युवाहरूको पहुँचमा वृद्धि गर्न सकियो भने विकट रूपमा रहेको डाँडाझेरी सुविधा सम्पन्न र उदाहरणीय गा.वि.स. बनाउन सकिन्छ । त्यसैले आफ्नो नेतृत्व विकासमा अग्रसर भई स्वरोजगार बनौं । ग्रामीण विकासमा सक्रिय भएर लागि परौं ।


सामाजिक लेखापरीक्षण कार्यक्रम, परासीमा मन्तव्य राख्दै सहमतिका अध्यक्ष


सामाजिक लेखापरीक्षण कार्यक्रम, परासीमा मन्तव्य राख्दै स्थानीय विकास अधिकारी


सामाजिक लेखा परीक्षण कार्यक्रम, कोटथर



सामाजिक लेखापरीक्षण कार्यक्रम, गैंडाकोटमा मन्तव्य राख्दै गाविस सचिव

## सूचना ! सूचना !! सूचना !!!

**सहमति गैंडाकोट र AWO International Germany को साझेदारीमा संचालित ग्रामीण युवा विकास कार्यक्रम अर्न्तगत डाँडाझेरी, कोटथर, रतनपुर र गैंडाकोट वार्ड नं ३ मा सन २००८ देखि विभिन्न कार्यक्रमहरु संचालन भइरहेका छन् । यसै सन्दर्भमा उपरोक्त गा.वि.स.हरुमा सुरक्षित वैदेशिक रोजगारका लागि अपनाउनुपर्ने प्रक्रिया, आइपर्ने समस्याहरु, चुनौतीहरु र त्यसका समाधानहरुको जानकारी गराउने हेतुले यस कार्यक्रमले वार्डस्तरमा सुरक्षित वैदेशीक रोजगार र वसाईसराई सम्वन्धि जनचेतनामूलक कार्यक्रम संचालन गर्न लागिएको हुदाँ ईच्छुक युवा क्लब, महिला समूह तथा विद्यालयहरुले युवा सूचना केन्दसँग समन्वय गरि यथासिघ्र सहमति ग्रामीण युवा विकास कार्यक्रममा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।**

## खुसीको खवर ! खुसीको खवर !! खुसीको खवर !!!

सहमति गैंडाकोट र **AWO International Germany** को साझेदारीमा संचालित ग्रामीण युवा विकास कार्यक्रम अर्न्तगत डाँडाझेरी, कोटथर, रतनपुर र गैंडाकोट वार्ड नं ३ मा सन २००८ देखि विभिन्न कार्यक्रमहरु संचालन भइरहेका छन् । यसै क्रममा कार्यक्षेत्रमा रहेका युवाहरुलाई मध्यनजर गर्दै कृषि क्षेत्रमा स्थानीय स्रोतव्यक्ति र गैरकृषि क्षेत्रमा व्यवसायीक युवाहरु तयार गरी स्थानीय रुपमा स्वरोजगारको अवसर सिर्जना गर्ने सोच राखी तपशिल अनुसारका तालिमहरुको आयोजना गरिन लागिएको हुँदा तपशिल अनुसार युवाहरुले आफूलाई ईच्छा लागेको विषयमा युवा सूचना केन्द्र, सहकारी संस्था वा स्थानीय संस्थाहरुमार्फत् यथासीघ्र सहमति ग्रामीण युवा विकास कार्यक्रममा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

- **५१ दिने ग्रामीण कृषि कार्यकर्ता (तरकारीबाली)**
- **५१ दिने ग्रामीण कृषि कार्यकर्ता (अदुवाबाली)**
- **विभिन्न गैरकृषि सीपमूलक तालिमहरू जस्तै प्लम्वीङ्ग, हाउस वायरिङ्ग, व्यूटिसियन, डकर्मी, सिकर्मी, हेयर कटिङ्ग, फ्रेस हाउस इत्यादी**

*(नोट : तालिम पश्चात स्थानीयस्तरमानै काम गर्ने युवाहरुलाई प्राथमिकता दिइनेछ)*

प्रेषक

**सहमति**
**ग्रामीण युवा विकास कार्यक्रम**
गैंडाकोट-५ नवलपरासी
फोन नं. : ०५६-५०२०९०
E-mail:sahamati@wlink.com.np
rdp.sahamati@gmail.com
Website : www.sahamati.org

प्रापक

टिकट